# आर्थिक वर्ष २०७९/०८० मा यस औषधायलबाट सम्पादित कार्यहरुको

# वार्षिक प्रगति प्रतिवेदन




गण्डकी प्रदेश सरकार

सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय

स्वास्थ्य निर्देशनालय

**गण्डकी आयुर्वेद औषधालय कास्की**

लेखनाथ, पोखरा २६, गण्डकी प्रदेश, नेपाल

फोन नं. -०६१-५६३५२८

ईमेल:- gandakiayurveda@gmail.com

website :- gaa.gandaki.gov.np

# विषय सूची


१ पृष्ठभूमि- कास्की जिल्लाको परिचय

२ कास्की जिल्लामा आयुर्वेद संस्थाहरु

३ कार्यालयको भौतिक पूर्वाधारहरु

४ कार्यालयको संगठन संरचना र शाखाहरुको जिम्मेवारी

५ निजी आयुर्वेद संस्थाको विवरण

६ बिरामी तथ्याङ्क विवरण

७ प्रदेश सरकारबाट प्राप्त बार्षिक कार्यक्रमहरुको विवरण

८ प्रदेश सरकारबाट प्राप्त पूँजीगत तर्फका बजेट कार्यक्रम

९ वार्षिक लक्ष्य अनुसार सम्पादन हुन नसकेका कार्यक्रमहरु

१० प्रगति विवरणहरु  अनुसुचि २

११ विविध

१२ फोटोहरु

# १ पृष्ठभूमि

## १.१ परिचय

नेपालको संविधानले आधारभूत स्वास्थ्य सेवालाई प्रत्येक नागरिकको मौलिक हकको रुपमा स्थापित गरेको छ । देश संघीय शासन प्रणालीमा गइसकेकोले संघीय संरचनाको वस्तुगत धरातलमा आधारित रही गुणस्तरीय स्वास्थ्य सेवालाई सबै नागरिकको सर्वसुलभ पहुँचमा पुर्याउनु राज्यको दायित्व हो । नेपालमा सत्रौं शताब्दीमा सिंहदरवार वैद्यखानाको स्थापनसँगै आयुर्वेद उपचार पद्धतिको विकास भएको थियो । वि. सं. १९४७ मा वीर अस्पतालको स्थापना भएसँगै आधुनिक चिकित्सा पद्धतिको संस्थागत विकास भएको हो भने । वि. सं. १९७४ सालमा श्री ३ महाराज चन्द्र शम्शेरले पहिलो आयुर्वेद चिकित्सकलय एवं पाठशालाको स्थापना गरि आयुर्वेद चिकित्सा पद्धतिको विकास प्रयास गरिएको थियो । समग्रमा स्वास्थ्य क्षेत्रको योजनावद्ध विकास भने वि. सं. २०१३ को प्रथम आवधिक योजनासँगै शुरुवात भएको पाइन्छ । वि. सं. २०३२ मा १५ वर्षे प्रथम दीर्घकालिन स्वास्थ्य योजना लागू भएको र वि. सं. २०५४ मा २० वर्षे दोस्रो दीर्घकालीन स्वास्थ्य योजना लागू भएको थियो । वि. सं. २०४६ को राजनैतिक परिवर्तन पछि नेपाली जनताको परिवर्तनको अपेक्ष अनुरुप आएको राष्ट्रिय स्वास्थ्य नीति २०४८ ले गाउँ गाउँसम्म प्राथमिक स्वास्थ्य सेवा विस्तार गरियो भने वि. सं. २०५२ मा राष्ट्रिय आयुर्वेद स्वास्थ्य नीति लागु गरी प्रत्येक जिल्लामा जिल्ला स्तरीय आयुर्वेद स्वास्थ्य संस्था र ५ गाविसलाई सहज हुने गरी १ आयुर्वेद औषधालय स्थापना गर्ने नीति अनुरुप आयुर्वेद स्वास्थ्य संस्थाहरुको स्थापना गरिँदै लगिएको थियो ।

## १.२ कार्यालयको उद्धेश्यहरु अवस्थिति र कार्यक्षेत्र

आयुर्वेद चिकित्सा वैदिक कालदेखि शास्वत रुपमा चल्दै आएको चिकित्सा हो । वि. सं. २०२४ मा यस कार्यालय गण्डकी अञ्चल आयुर्वेद औषधालयको रुपमा वेगनासमा स्थापना भएको थियो । त्यस पछि वि. सं. २०५८ मा आयुर्वेद विभागबाट जिल्लामा रहेका साधारण औषधालयहरुको आर्थिक कारोबार जिल्लास्तरीय कार्यालयबाट गर्ने निर्णय भए अनुसार सदरमुकाम बाहिर रहेका जिल्लास्तरीय कार्यालयहरु जिल्ला सदरमुकाम ल्याउने नीति अनुसार लेखनाथ नगरपालिका ३ अर्घौंमा रहेको लेखनाथ आयुर्वेद औषधालयको भवनमा स्थानान्तरण गरि यहाँ स्थित औषधालयलाई वेगनास आयुर्वेद औषधालयको रुपमा वेगनासमा स्थानान्तरण गरिएको थियो । यसपछि निरन्तर रुपमा यस कार्यालय संचालनमा रहेको छ । देशको संघीय संरचना अनुसार यस कार्यालय नेपाल कै सबभन्दा ठूलो महानगर पालिका पोखरा २६ को आयुर्वेदिक मार्गमा रहेको छ । प्रदेश अन्तर्गत रहेको र नेपाल

सरकारको मन्त्री परिषद्को अंचल शब्द हटाउने निर्णय भए अनुसार गण्डकी प्रदेश सरकारको २०७७ वैशाख २३ को निर्णय अनुसार हाल गण्डकी आयुर्वेद औषधालय को नाममा रहेको छ । यस कार्यालयले स्थापना देखिनै आयुर्वेद चिकित्सा सेवा दिदैं आइरहेको छ ।

कास्की जिल्ला नेपालकै महत्वपूर्ण पर्यटकीय स्थल पोखरा सहितको जिल्ला हो । यस जिल्लाको सदरमुकाम पोखरा हो जुन हाल गण्डकी प्रदेश राजधानी पनि हो । विश्व मानचित्रमा यस जिल्ला २८ ̊०६" उत्तरी अक्षांश देखि २८ ̊३६" उत्तरी अक्षांशसम्म र ८३°४०" पूर्व देशान्तर देखि ८४°१२" पूर्व देशान्तर सम्म फैलिएको छ । यस जिल्लाको कुल क्षेत्रफल २०१७०० हेक्टर छ र सिमानामा पूर्वमा तनहुँ र लमजुङ, पश्चिममा पर्वत र म्याग्दी, उत्तरमा मनाङ्ग र मुस्ताङ, दक्षिणमा स्याङजा जिल्ला पर्दछ । समुद्र सतह देखि मादी नदीको किनारमा करिव ४५० मिटर र अग्लो अन्नपूर्ण प्रथम ८०९१ मिटर रहेको छ । उत्तर तर्फको मनमोहक हिम श्रृखला, सेती नदीको गहिरो खोच/गल्छी, उपत्यका र ताल तलैया यस जिल्लाका आभूषण हुन् ।

२०६८ सालको राष्ट्रिय जनसंख्या अनुसार यस जिल्लामा जम्मा घरसंख्या १२५६९३ र कुल जनसंख्या ४९२०९८ रहेको छ जसमा पुरुष २३६३८५ र महिला २५५७१३ रहेकोछ । यस जिल्लाको जनसंख्या वृद्धिदर २.५७ प्रतिशत रहेको छ भने जनघनत्व २४४ प्रति वर्ग कि.मि. रहेको छ । यस जिल्लामा गुरुङ, ब्राह्मण, क्षेत्री, मगर, नेवार, थकाली, विश्वकर्मा, परियार, मिजार आदि जातका मानिसहरुको मुख्य रुपमा बसोबास गर्दछन ।

यस जिल्लामा देशकै ठूलो महानगरपालिकाको रुपमा परिचित पोखरा महानगरपालिका र चार वटा गाउँपालिकाहरु (माछापुच्छ्रे, अन्नपूर्ण , मादी र रुपा) रहेका छन र ३ निर्वाचन क्षेत्र रहेको छ ।

यस जिल्लामा देशकै ठूलो महानगरपालिकाको रुपमा परिचित पोखरा महानगरपालिका र चारवटा गाउँपालिका (माछापुच्छ्रे, अन्नपूर्ण, मादी र रुपा) हरु रहेका छन् र ३ निर्वाचन क्षेत्र रहेको छ ।

## १.३ कार्यालयका जिम्मेवारीहरु

- नेपाल तथा सरकारद्वारा सञ्चालित आयुर्वेद स्वास्थ्य सेवा सम्बन्धी कायक्रहरु गर्ने ।
- कास्की जिल्लामा संचालित आयुर्वेद तथा वैकल्पिक चिकित्सा सेवा संञ्चालन गर्ने सरकारी तथा निजी स्वास्थ्य संस्थाबाट प्रदान गरिने सेवाको अनुगमन, निरिक्षण, आवश्यक मार्गदर्शन दिने ।
- अन्य दैनिक प्रशासनिक कार्यहरु गर्ने ।

- आयुर्वेदमा वर्णित उद्देश्य स्वास्थ व्यक्तिको स्वास्थ्यको रक्षा गर्न र रोगीको रोगको उपचार गर्न नेपाल सरकारले तोकेका विभिन्न कार्यक्रमहरु संचालन गर्ने जस्तै  बिरामीको जाँच, रोग निदान, उपचार, निःशुल्क आयुर्वेद औषधि वितरण, आयुर्वेद सम्बन्धी जानकारी गराउने, आदि
- जिल्लाको आधिकारिक आयुर्वेद संस्थाको रुपमा काम गर्ने ।

## २ कास्की जिल्लामा रहेका सरकारी आयुर्वेद संस्थाहरु

क) गण्डकी आयुर्वेद औषधालय, लेखनाथ, पोखरा २६, गण्डकी प्रदेश अन्तर्गत

ख) शिशुवा आयुर्वेद औषधालय, शिशुवा पोखरा ३०, पोखरा महानगर पालिका अन्तर्गत

ग) वेगनास आयुर्वेद औषधालय, वेगनास पोखरा ३१, पोखरा महानगर पालिका अन्तर्गत

घ) देउराली आयुर्वेद औषधालय, देउराली रुपा ५, रुपा गा. पा. अन्तर्गत

ङ) हंसपोखरी आयुर्वेद औषधालय, हंसपोखरी रुपा ७, रुपा गा. पा. अन्तर्गत

च) लुम्ले आयुर्वेद औषधालय, लुम्ले अन्नपूर्ण  ६, अन्नपूर्ण गा. पा. अन्तर्गत

### अन्य आयुर्वेद संस्थाहरु (कार्यक्रम अन्तर्गत)


१) नागरिक आरोग्य सेवा केन्द्र, सिक्लेस मादी १, गण्डकी आयुर्वेद औषधालय अन्तर्गत

२) नागरिक आरोग्य सेवा केन्द्र, नागडाँडा अन्नपूर्ण १, गण्डकी आयुर्वेद औषधालय अन्तर्गत

३) नागरिक आरोग्य सेवा केन्द्र, पुम्दीभुम्दी पोखरा २२, गण्डकी आयुर्वेद औषधालय अन्तर्गत

४) सहरी स्वास्थ्य प्रवर्धन केन्द्र पेखरा ८ नयाँबजार पोखरा महानगर पालिका अन्तर्गत

५)  PHC मा एकिकृत स्वास्थ्य सेवा कार्यक्रम, भेडाबारी PHC माछापुच्छ्रे ६, धिताल स्वास्थ्य निर्देशनालय गण्डकी प्रदेश अन्तर्गत





चित्र नं. १ जिल्लामा रहेका सरकारी आयुर्वेद संस्थाहरु

# ३ कार्यालयको भौतिक पूर्वाधार

| क्र.स | कार्यालयको नाम | स्थापना मिति | जग्गाको क्षेत्रफल | भवनको विवरण (कच्ची/पक्की,आफ्नै/भाडाको) | कम्पाउन्ड वाल्ड(छ, छैन) | स्टाफ क्वाटर (छ,छैन/प्रयास,अप्रयास) | खानेपानी को व्यवस्था (छ/छैन) | सवारी साधन (छ,छैन/प्रयास,अप्रयास) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | गण्डकी आयुर्वेद औषधालय | २०२४ | 2-5-2-3<br>1-4-3-3 | ३ भवन<br>खाली जग्गा | छ | छैन | छ | स्कूटर १ थान संचालनमा रहेको | |

# ४ कार्यालयको संगठन संरचना र शाखाहरुको जिम्मेवारी

**४.१ :** कार्यालयको संगठन संरचना



प्रदेश सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
स्वास्थ्य निर्देशनालय

# गण्डकी आयुर्वेद औषधालय, कास्की

**४.२ :** कार्यालयमा कर्मचारी दरबन्दी तथा पदपुर्तीको विवरण

| **क्र स** | **पद** | **श्रेणी/तह** | **दरबन्दी** | **सेवा** | **समुह** | **पदपुर्ती** | | **कैफियत** |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | **स्थायी** | **करार सेवा** | |
| १ | आयुर्वेद चिकित्सक | आठौं | १ | स्वास्थ्य | आयुर्वेद | १ | ० | |
| २ | कविराज | पाचौं/छैठौं/सातौं | १ | स्वास्थ्य | आयुर्वेद | १ | ० | |
| ३ | वैद्य | चौथो/पाचौं/छैठौ | १ | स्वास्थ्य | आयुर्वेद | १ | ० | |
| ४ | लेखापाल | चौथो/पाचौं/छैठौं | १ | प्रसाशन | लेखा | १ | ० | |
| ५ | कार्यालय सहयोगी | श्रेणीवीहिन | २ | प्रसाशन | सा. प्रसाशन | १ | १ | |
| | | | | | | | | |
| | **जम्मा** | | **६** | | | **५** | **१** | |

**४.३** कार्यालयका कर्मचारीको विवरण र जिम्मेवारी

| क्र.स. | पद (हालको) | तह/श्रेणी | कर्मचारीको नाम थर | जिम्मेवारी | कैफियत |
|---|---|---|---|---|---|
| १ | आयुर्वेद चिकित्सक | आठौं | डा. कुमार कासुला | कार्यालय प्रमुख | |
| २ | बरिष्ठ कविराज निरिक्षक | सातौं | श्री नविन किरण भुसाल | प्रशासन, सूचना अधिकारी | |
| ३ | वैद्य निरिक्षक | छैठौं | श्री सीता शर्मा | जिन्सी शाखा तथा तथाङ्क | |
| ४ | लेखापाल | पाचौं | श्री कृष्ण प्रसाद पौडेल | लेखा | |
| ५ | कार्यालय सहयोगी | श्रेणीविहिन पाचौं | श्री बाबुराम भण्डारी | सरसफई | |
| ६ | कार्यालय सहयोगी | श्रेणीविहिन | श्री शोभा खनाल | करार | ०८० आषाढ मसान्त |
| ७ | अभ्यङ्गकर्ता | | श्री कविता अधिकारी | करार कार्यक्रम | ०८० आषाढ मसान्त |
| ८ | अभ्यङ्गकर्ता | | श्री सन्तोष भुजेल | करार कार्यक्रम | ०८० आषाढ मसान्त |
| ९ | ल्याब टेक्निसियन | पाचौं | श्री जगत राज पौडेल | करार कार्यक्रम | ०८० आषाढ मसान्त |
| १० | आयुर्वेद चिकित्सक | आठौं | डा. अच्यूत शाली घिमिरे | करार PHC थुम्सीकोट मादी १० | ०८० आषाढ मसान्त |

| | | | | | |
|---|---|---|---|---|---|
| ११ | का. स. | श्रेणीविहिन | विमला सुवेदी | करार PHC थुम्सीकोट मादी १० | ०८० आषाढ मसान्त |
| १२ | वैद्य | चौथो | श्री अनिश कुमार दास | करार नागरिक आ.से. केन्द्र, सिक्लेस मादी १ | ०८० आषाढ मसान्त |
| १३ | का. स. | श्रेणीविहिन | श्री भक्त बहादुर गुरुङ्ग | करार नागरिक आ.से. केन्द्र, सिक्लेस मादी १ | ०८० आषाढ मसान्त |
| १४ | वैद्य | चौथो | श्री जमुना लामिछाने | करार नागरिक आ.से. केन्द्र,नागडाँडा अन्नपूर्ण १ | ०८० आषाढ मसान्त |
| १५ | का. स. | श्रेणीविहिन | श्री मिना कुँवर | करार नागरिक आ.से. केन्द्र,नागडाँडा अन्नपूर्ण १ | ०८० आषाढ मसान्त |
| १६ | कविराज | पाचौ | श्री गोविन्द आचार्य | करार नागरिक आ.से. केन्द्र,पुम्दीभुम्दी,पोखरा २२ | ०८० आषाढ मसान्त |
| १७ | का. स. | श्रेणीविहिन | श्री समर बहादुर भुजेल | करार नागरिक आ.से. केन्द्र,पुम्दीभुम्दी,पोखरा २२ | ०८० आषाढ मसान्त |
| १८ | आयुर्वेद चिकित्सक | आठौं | डा. प्रदिप अधिकारी | छात्रवृत्ति करार | ०८० फागुन १७ सम्म |

## ५ निजी र सामुदायिक आयुर्वेद स्वास्थ्य संस्थाको विवरण

कुनै पनि संस्थाले यस कार्यालयबाट अनुमति लिएको छैन ।

## ६ बिरामी तथ्याङ्क विवरण

| सि.नं. | विवरण | जना |
|---|---|---|
| १ | गण्डकी आयुर्वेद औषधालयको जम्मा बिरामी संख्या | ११७६० |
| २ | औषधालयहरुका जम्मा बिरामी | १७१८४ |
| ३ | **सबैको बहिरङ्ग सेवाका जम्मा बिरामी संख्या** | **२८९४४** |
| ४ | स्तनपायी सेवाग्राहीको संख्या | ७१३ |
| ५ | जेष्ठनागरिक सेवाका जम्मा संख्या | ५८०४ |
| ६ | पञ्चकर्म सेवा/पूर्वकर्मसेवाका जम्मा बिरामी संख्या | ६०७० |
| ७ | गाउँघर क्लिनिक | ३३९० |
| ८ | आयुर्वेद स्वास्थ्य शिविर | ३०४ |
| ९ | ल्याब परिक्षण | ६३५ |

| | | |
|---|---|---|
| १० | क्षारसूत्र | ० |
| ११ | स्वस्थ जीवन कार्यक्रम | १००० |
| १२ | अन्य | ३१८२ |
| १३ | विद्यालय आयुर्वेद तथा योग शिक्षा | ४३५ |
| | **कूल बिरामी संख्या** | **५०४७७** |

## ७. प्रदेश सरकारबाट प्राप्त वार्षिक विकास बजेट कार्यक्रम

जम्मा विनियोजित रु ३००००००

### १. स्थानीय तहको सहकार्यमा परम्परागत स्वास्थ्यकर्मीहरुलाई स्थानीय जडीबुटीहरुको पहिचान, संरक्षण, प्रयोगका लागि अभिमूखीकरण कार्यक्रम (पुस्ता हस्तान्तरण)

विनियोजित रकम २,००,०००|-

पृष्ठभूमि/विवरण

- ग्रामिण क्षेत्रमा बहुउपयोगी जडिबुटीहरुको नास हुदै गइ रहेको छ । भएका जडिबुटीहरुको पहिचान, नामकरण, प्रयोगमा कमि हुदै आईरहेको छ, तसर्थ परम्परागत रुपमा प्रयोग भैरहेका जडिबुटीहरुको सम्बर्धन, संरक्षण र प्रयोग गर्नु जरुरि छ । आयुर्वेद स्वास्थ्यकर्मीहरुको ज्ञान सिपको अभिलेखीकरण साथै स्थानीय जडिबुटीहरुको पहिचान, संरक्षण र प्रयोगका बारेमा उनीहरुको क्षमता अभिबृद्धि गरि प्रयोग दर वृद्धि गर्नका लागि यो कार्यक्रम राखिएको हो ।

उदेश्य

- परम्परागत स्वास्थ्यकर्मीहरुको ज्ञान तथा सिपको अभिलेखीकरण गर्ने ।
- स्थानीय जडिबुटीहरुको, पहिचान, संरक्षण र प्रयोग सम्बन्धमा क्षमता अभिबृधि गर्ने ।

कार्यक्रम सञ्चालन

- रुपा गाउँपालिका ३ रपाकोटमा मितिक २०७९/०८/१७ मा सहभागी संख्या २९ जना
- मादी गाउँपालिका १ सिकलेसमा मिति २०७९/१२/१० मा सहभागी संख्या २२ जना




## २. ज्येष्ठ नागरिक आरोग्य सेवा कार्यक्रम

## विनियोजित रकम ३,००,०००|-

### पृष्ठभूमि/विवरण

- जेष्ठ नागरिक हाम्रो समाजका अग्रज बौद्धिक सम्पति हुन् । नेपालमा जेष्ठ नागरिकहरुको संख्या क्रमश बृद्धि हुँदै गैरहेको छ । जेष्ठ नागरिकहरुलाई स्वास्थ्य सेवा प्रदान गर्नु राज्यको दायित्व हो । जिल्ला भित्र रहेका जेष्ठ नागरिक सँग सम्बन्धित सस्थाहरु (मानव सेवा आश्रम, बृद्धाश्रम आदि) वा समुदायमा रहेका जेष्ठ नागरिकहरुका स्वास्थ्य सँग सम्बन्धित समस्याहरुको आयुर्वेद चिकित्सा पद्धतिको माध्यमबाट उपचार, परामर्श, साथै स्वास्थ्य प्रवर्धन सम्बन्धी क्रियाकलापहरु द्वारा जेष्ठ नागरिकहरुको स्वास्थ्य सुधार र जीवनशैली सहज गराउनको लागि यो कार्यक्रम आवश्यक भएको हो ।

### उद्देश्य

- जेष्ठ नागरिकहरुका स्वास्थ्य सँग सम्बन्धित समस्याहरुको आयुर्वेद चिकित्सा पद्दतिको माध्यामबाट उपचार, परामर्श साथै स्वास्थ्य प्रबर्धन गर्ने यस कार्यक्रमको मूल उद्देश्य हो ।

### कार्यक्रम सञ्चालन

- २०७९/०६/१३ गते पोखरा महानगरपालिका ३२ लामेआहालको राधाकृष्ण वृद्धाश्रम मा लाभान्वित संख्या ५२ जना
- मिति २०७९/११/१३ गते पोखरा १७ सितापाइलाको पोखरा वृद्धाश्रममा संचालन गरियो। लाभान्वित संख्या - ४० जना
- मिति २०७९/१२/०२ गते पोखरा ३२ लामेआहालको राधाकृष्ण वृद्धाश्रममा लाभान्वित संख्या ५० जना
- मिति २०७९/०१/०९ गते पोखरा २२ पुम्दीभुम्दीको वडा कार्यालयमा लाभान्वित संख्या १७६ जना
- मिति २०८०/०२/३१ गते पोखरा २० भलामको श्री हरिहर सन्यास आश्रम मा लाभान्वित संख्या २६ जना र ब्लड सुगर परीक्षण २३ जना

- मिति २०८०/०३/२० भलामको श्री हरिहर भक्ति आमा समुहको भवनमा लाभान्वित संख्या ८८ जना र ७० जनाको ब्लड सुगर परीक्षण







## ३. प्रयोगशाला सेवाको सामाग्री खरिद

## विनियोजित रकम २००,०००|-

### पृष्ठभूमि/विवरण

- जिल्ला स्थित आयुर्वेद स्वास्थ्य सस्थाहरु मार्फत प्रदान गरिने आयुर्वेद स्वास्थ्य सेवालाई थप गुणस्तरीय वनाउन प्रयोगशाला सेवा समेत प्रदानको लागि यो कार्यक्रम राखिएको छ ।

### उद्देश्य

- प्रयोगशाला सेवा संचलनका लागि आवश्यक सामाग्री उपलब्ध हुने ।

कार्यक्रम सञ्चालन

- सावजनिक खरिद ऐन २०६३ तथा खरिद नियमावली २०६४ (संशोधन सहित) तथा गण्डकी प्रदेश कार्य संचालन निर्देशिका खर्चको मापदण्ड २०७५ (गण्डकी प्रदेश) अनुसार लागत अनुमान बनाई स्वीकृति पश्चात कार्य अगाडि बढाइ आवश्यक सामाग्रीहरुको सुची, स्पेसिफिकेसन र परिमाण तयार गरि कार्यालय प्रमुखबाट स्वीकृत गरी आवश्यक सामाग्री खरिद गरियो ।खरिद गरिएका सामाग्रीहरु रुजु गरि दाखिला पश्चात भुक्तानी गरियो ।

लाभान्वित संख्याः- ६३५

## ४. क्षारसूत्र कार्यक्रम संचालन आवश्यक सामग्री खरिद एवंम व्यवस्थापन विवरण बजेट रु ६,००,०००|-

पृष्ठभूमि/विवरण

- आयुर्वेद चिकित्सा विज्ञानमा प्रभावकारी मानिएका चिकित्सा सेवाहरु थप गर्दै प्रदेश मातहतका आयुर्वेद स्वास्थ्य सस्थाहरुमा सेवा बिस्तार गर्दै प्रभावकारी र गुणस्तरीय आयुर्वेद चिकित्सा सेवा उपलब्ध गराउने अभिप्रायका साथ अर्श भागन्दर लगायतका रोगहरुको उपचारका लागि क्षारसूत्र सेवा संचालनको लागि यो कार्यक्रम आवश्यक परेको हो।

उद्देश्य

- क्षारसूत्र चिकित्साको माध्यमबाट अर्श भागन्दर लगायतका रोगहरुको उपचारका लागि आवश्यक पर्ने सामाग्रीहरु उपलब्ध गराई सेवा सुनिश्चित गर्ने यस कार्यक्रमको उद्देश्य रहेको छ ।

कार्यक्रम सञ्चालनः

- अनमी भर्ना गर्ने प्रक्रिया अगाडि बढाउन छनौट समिति गठनको लागि पत्राचार गरिएको तर समितिमा रहने पदाधिकारीहरुको कार्यव्यस्तताले समिति नै गठन हुन नसकेकोले कर्यक्रम संचालन नभएको ।

## ५. स्वास्थ्य प्रवर्धनका लागि जीवनशैली परिवर्तन कार्यक्रम तथा योग

## विनियोजित बजेट रु ५,००,०००|-

### पृष्ठभूमि/विवरण

- हाम्रो समाजमा बढ्दै गएका नसर्ने रोगहरु, व्यस्त र आधुनिक जिवनशैलीको प्रभावले व्यक्तिगत तनाव व्यवस्थापन चुनौतीको रुपमा रहेको छ । आयुर्वेद सिद्धान्तमा आधारित स्वास्थ्य जीवनशैलीको माध्यमबाट उक्त चुनौतीहरुको न्यूनीकरण गर्न यो कार्यक्रम राखिएको थियो ।


### उद्देश्य

- स्वास्थ्य जीवनशैली प्रवर्दनद्वारा समुदायमा नसर्ने रोगहरुको न्यूनीकरण गर्ने यस कार्यक्रमको प्रमुख उद्देश्य रहेको छ ।

### कार्यक्रम सञ्चालन

- कास्की जिल्ला भित्र रहेका महिला/आमासमूह र युवा समुहलाई एक ठाउँमा बोलाइ आयुर्वेद सिद्धान्तमा आधारित स्वस्थ जीवनशैली र योग सम्बन्धि कार्यक्रम संचालन बिधि सहितको बिषयबस्तु तयार गरी कार्यक्रम संचालन गरियो ।

  माछापुच्छ्रे गा. पा. ७ धम्पुस मिति २०७९/०७/१७-१८ मा २४ जना
  मादी गा. पा. १ सिकलेस मिति २०७९/१२/०९-१० मा २६ जना
  अन्नपूर्ण गा. पा. १० घान्द्रुक मिति २०७९/१२/२६-२७ मा ३० जना
  मादी गा. पा. ४ तारकाङ मिति २०८०/०२/२०-२१ मा ३४ जना
  अन्नपूर्ण गा. पा. १ नागडाँडा मिति २०८०/०३/१४-१५ मा ४४ जना







## ६. पञ्चकर्म/पुर्वकर्म कार्यक्रम सामाग्री खरिद संचालन एवं व्यवस्थापन

विनियोजित बजेट रु १,००,०००|-

### पृष्ठभूमि/विवरण

- आयुर्वेद चिकित्सा विज्ञानमा प्रभावकारी मानिएको चिकित्सा सेवाहरु थप गर्दै प्रदेश मातहतका आयुर्वेद स्वास्थ्य संसथाहरुमा सेवा विस्तार गर्दै प्रभावकारी र गुणकारी आयुर्वेद चिकित्सा सेवा उपलब्ध गराउने अभिप्रायका साथ पञ्चकर्म सेवा सञ्चालन तथा विस्तारका लागि आवश्यक पञ्चकर्म /पुर्वकर्मसँग सम्बन्धीत सामाग्री खरिद गरि सञ्चानल तथा व्यवस्थापन गर्नका लागि यो कार्यक्रम राखिएको हो ।

### उद्देश्य

- पञ्चकर्म/पुर्वकर्म सेवा सञ्चालन तथा विस्तारका लागि आवश्यक पर्ने सामाग्रीहरु खरिद गरी सहज रुपमा सेवा प्रदान गर्न।

### कार्यक्रम सञ्चालन

- सावजनिक खरिद ऐन २०६३ तथा खरिद नियमावली २०६४ (संशोधन सहित) तथा गण्डकी प्रदेश कार्य संचालन निर्देशिका खर्चको मापदण्ड २०७५ (गण्डकी प्रदेश) अनुसार लागत अनुमान बनाई स्वीकृति पश्चात कार्य अगाडि बढाइ आवश्यक सामाग्रीहरुको सुची, स्पेसिफिकेसन र परिमाण तयार गरि कार्यालय प्रमुखबाट स्वीकृत गरी आवश्यक सामाग्री खरिद गरियो ।खरिद गरिएका सामाग्रीहरु रुजु गरि दाखिला पश्चात भुक्तानी गरियो ।

लाभान्वित संख्याः- ८६८



## ७. महिला स्वास्थ्य स्वयंसेविकाहरुका लागि आयुर्वेद सम्बन्धी अभिमुखिकरण विनियोजित रकम ३,००,०००।-

### पृष्ठभूमि/विवरण

- स्वास्थ्य सेवालाई स्थानीय स्तरमा घरदैलौ पुर्याउन तथा समुदायस्तरमा देखिएका स्वास्थ्य समस्याहरुलाई तत्काल सम्बन्धीत निकायमा जानकारी गराउनका लागि स्वास्थ्य संस्था र समुदायको पुलको रुपमा कार्य गराउने उद्देश्यले महिला स्वास्थ्य स्वयंसेविकाहरु तयार गरिएको छ । स्वास्थ्यका विभिन्न कार्यक्रमहरु लक्ष्य हासिल गर्न तथा प्रगति प्राप्त गर्न महिला स्वास्थ्य स्वयंसेविकाहरुको महत्वापूर्ण भूमिका रहेको छ । आयुर्वेद सेवालाई समेत महिला स्वास्थ्य स्वयंसेविकाहरु मार्फत समुदायस्तरमा पुर्याउन तिनीहरुलाई आयुर्वेद सम्बन्धी जानकारी प्रदान गर्न यो कार्यक्रम राखिएको हो ।

### उद्देश्य

- महिला स्वास्थ्य स्वयंसेविकाहरुलाई आयुर्वेद सम्बन्धी अभिमुखिकरण गराउने।
- आयुर्वेदका विषयमा जानकारी प्राप्त महिला स्वास्थ्य स्वयंसेविकाहरुको अभिलेख राख्ने
- महिला स्वास्थ्य स्वयंसेविकाहरु मार्फत स्थानीय स्तरमा प्राप्त जडिबुटीहरुको प्रयोग गरी स्वस्थ रहन उत्प्रेरणा गर्ने ।

### कार्यक्रम संचालन

- मिति २०७९/०७/१८ र १९ गते माछापुच्छ्रे गाउँपालिका ७ धम्पुसमा सहभागी २७ जना
- मिति २०७९/०८/१० र ११ गते मादी गाउँपालिका १ सिकलेसमा सहभागी २७ जना
- मिति २०७९/०८/१६ र १७ गते रुपा गाउँपालिका ३ रुपाकोटमा सहभागी २३ जना
- मिति २०७९/१२/१८ र १९ गते मादी गारउँपालिका १० थुम्सीकोटमा सहभागी १७ जना
- मिति २०८०/०३/१९ र २० गते पोखरा २६ लेखनाथमा सहभागी १६ जना


महिला स्वास्थ्य स्वयम् सेविकाहरुका लागि आयुर्वेद सेवा सम्बन्धी
अभिमुखिकरण कार्यक्रम





## ८. संगठित रुपमा योग संचलन

## विनियोजित रकम १,००,०००|-

### पृष्ठभूमि/विवरण

- कर्मचारीहरुले कार्यकक्षमा रही नियमित कार्य गर्दा एकै ठाउँमा लगातार बसेर कार्य गर्नुपर्दा शारीरिक निष्क्रियता एवं मानसिक तनाव हुने हुँदा कार्यालय समयमा शरीरका सबै अंगहरुको क्रियाशिलता बढाई तनाव व्यवस्थापन एवं शारीरिक क्रियाशीलता वृद्धि गर्ने यो कार्यक्रम राखिएको हो ।

### उद्देश्य

- कर्मचारीहरुलाई शारीरिक निष्क्रियताबाट हुने रोगहरुको रोकथामका लागि मद्दत गर्ने
- निरन्तर कामबाट हुने तनावबाट मुक्तिको लागि सहजीकरण गर्न
- कर्मचारीबाट हुने कार्यसम्पादनमा वृद्धि गराउन

### कार्यक्रम संचालन

- कार्यालय प्रमुखहरुको मासिक बैठकमा संचालन गरिएको
- पोखरा ३२ को वडा कार्यालयमा संचालन गरिएको

## ९. विद्यालय आयर्वेद तथा योग शिक्षा कार्यक्रम

## विनियोजित रकम ५,००,०००|-

### पृष्ठभूमि/विवरण

- आयुर्वेद जीवनशैली आयुर्वेद सेवा जडिबुटीको उपयोगिता र योगको बारेमा जानकारी दिनका साथै योगका विभिन्न क्रियाकलापहरुको अभ्यास गराउन विद्यालय आयुर्वेद तथा योग शिक्षा कार्यक्रम राखिएको हो ।

### उद्देश्य

- स्वस्थवृत्त दिनचर्या ऋतुचर्या आहार विहार आदि आयुर्वेदीय स्वस्थ जीवनशैली सम्बन्धी सचेतना गराउन ।
- स्वास्थयकर्मी विद्यार्थी र समुदाय बीचको सम्बन्ध सकारात्मक र समन्वयात्मक बनाउन।
- आयुर्वेद चिकित्सा सेवा प्रदान गर्ने संस्थाहरुबाट पाइने सेवाहरुबारे जानकारी दिन।
- योगको बारेमा जानकारी दिने तथा यवगका विभिन्न क्रियाकलापहरुको अभ्यास गराउन
- घर वरिपरिका जडिबुटीर यिनको उपयोगको सम्बन्धमा जानकारी दिन।

### कार्यक्रम सञ्चालन

- कास्की जिल्ला भित्र रहेका विभिन्न विद्यायलयहरु मध्येबाट श्री सिर्जना मा. वि. नागडाँडा श्री अन्नपूर्ण मा. वि. सिकलेस श्री केदारेश्वर वेद विद्याश्रम लेकसाइड श्री चिसाखोला वेद विद्याश्रम चिसाखोला र श्री जनकल्याण मा. वि. मकैखोला छनौट गरी त्यहाँ प्रधाननध्यापक र स्वास्थ्य शिक्षकहरु जम्मा १४ शिक्षकहरुलाई आयुर्वेद विभागबाट तयार गरीएको विद्यालय आयुर्वेद तथा योग शिक्षाको पुस्तिका एवं अन्य आयुर्वेद सेवा सम्बन्धी अभिमुखिकरण गरियो साथै विद्यायलमा नै गई विद्यार्थीहरुलाई पनि सो सम्बन्धी अभिमुखीकरण र योगाभ्यास गराइयो साथ योग म्याट खरिद गरी विद्यालयहरलाई हस्तान्तरण गरियो।
- २०७९/१०/१०-१३ जनकल्याण मा. वि. मकैखोला मादी १० मा ४० जना विद्यार्थी सहभागी
- २०७९/११/१८-२१ सृजना मा. वि. नागडाडाँ अन्नपूर्ण १ मा ६० जना विद्यार्थी सहभागी
- २०८०/०२/१८-२१ शुक्रराज मा. वि. पोखरा २२ मा २० विद्यार्थी सहभागी









## १०. आधारभुत एवं अत्यावश्यक औषधि खरिद

विनियोजित रकम २,००,०००|-

पृष्ठभूमि/विवरण

- जिल्ला स्थित आयुर्वेद स्वास्थ्य सस्थाहरु मार्फत प्रदान गरिने आयुर्वेद स्वास्थ्य सेवा, प्राथमिक उपचारका लागि अत्यावश्यक औषधि तथा औषधि जन्य सामाग्रीहरुको खरिद गरी आयुर्वेद स्वास्थ्य सस्थाहरुबाट गुणस्तरीय सेवा प्रदानको लागि यो कार्यक्रम राखिएको छ ।

उद्देश्य

- निःशुल्क औषधिहरु सहितको सेवा निरन्तर प्रवाह गर्ने ।

कार्यक्रम सञ्चालन

- सावजनिक खरिद ऐन २०६३ तथा खरिद नियमावली २०६४ (संशोधन सहित) तथा गण्डकी प्रदेश कार्य संचालन निर्देशिका खर्चको मापदण्ड २०७५ (गण्डकी प्रदेश) अनुसार लागत अनुमान बनाई स्वीकृत पश्चात कार्य अगाडि बढाइ आवश्यक औषधिहरुको सुची, स्पेसिफिकेसन र परिमाण तयार गरि कार्यालय प्रमुखबाट स्वीकृत गरी भास्कर हर्बास्यूटिकल्सबाट आयुर्वेद औषधि खरिद गरियो।खरिद गरिएका सामाग्रीहरु रुजु गरि दाखिला पश्चात भुक्तानी गरियो।

# ८.प्रदेश सरकारबाट प्राप्त पूँजीगत तर्फका बजेट कार्यक्रम

## १. चूर्ण औषधि निर्माण कक्ष निर्माण

## विनियोजित रकम १०,००,०००|-

पृष्ठभूमि/विवरण

- आयुर्वेद चिकित्सा विज्ञानमा प्रभावकारी मानिएका चिकित्सा सेवाहरु थप गर्दै प्रदेश मातहतका आयुर्वेद स्वस्थ्य संस्थाहरुमा प्रदान गरिने सेवालाई अझ बढी प्रभारवकारी र गुणस्तरीय आयुर्वेद चिकित्सा सेवा सहित यससँग सम्बन्धीत औषधिहरु निर्माण गरी वितरणको पनि महत्वपूर्ण भूमिका रहन्छ ।आयुर्वेद संस्थाले आफै औषिधि निर्माण गरी वितरण गर्दा सेवामा गुणस्तरीयता र विश्वस्नीयता वृद्धि हुने भएकोले संस्थाको आफ्नै चूर्ण औषधि निर्माणक लागि यो कार्यक्रम राखिएको

उद्देश्य

- चूर्ण औषधि निर्माण कक्ष निर्माण भई गुणस्तरीय चूर्ण औषधि उत्पादन गरी वितरण गर्न ।

## कार्यक्रम सञ्चालन

- सार्वजनिक खरिद ऐन २०६३ तथा खरिद नियमावली २०६४ (संशोधन सहित) तथा गण्डकी प्रदेश कार्य संचालन निर्देशिका खर्चको मापदण्ड २०७५ (गण्डकी प्रदेश) अनुसार कोठाको लागत अनुमान बनाई स्वीकृत पश्चात निर्माण कार्य गराइयो ।निर्माण भएको कोठाको इन्जिनियरबाट नाप जाँच गरी अन्तिम बिल प्राप्त भए पश्चात भुक्तानी गरियो ।



# २. फार्मेसी कक्ष निर्माण

# विनियोजित रकम १०,००,०००।-

## पृष्ठभूमि/विवरण

- आयुर्वेद चिकित्सा विज्ञानमा प्रभावकारी मानिएका चिकित्सा सेवाहरु थप गर्दै प्रदेश मातहतका आयुर्वेद स्वस्थ्य संस्थाहरुमा प्रदान गरिने सेवालाई अझ बढी प्रभारवकारी र गुणस्तरीय आयुर्वेद चिकित्सा सेवा सहित यससँग सम्बन्धीत औषधिहरु निर्माण गरी वितरणको पनि महत्वपूर्ण भूमिका रहन्छ ।आयुर्वेद संस्थाले आफ्नै फार्मेसी सञ्चालनको लागि यो कार्यक्रम राखिएको

## उद्देश्य

- आयुर्वेद चिकित्सा सेवा सहित यससँग सम्बन्धीत औषधि सशुल्क रुपमा उपलब्ध गराउन।

कार्यक्रम सञ्चालन

- सावजनिक खरिद ऐन २०६३ तथा खरिद नियमावली २०६४ (संशोधन सहित) तथा गण्डकी प्रदेश कार्य संचालन निर्देशिका खर्चको मापदण्ड २०७५ (गण्डकी प्रदेश) अनुसार कोठाको लागत अनुमान बनाई स्वीकृत पश्चात निर्माण कार्य गराइयो ।निर्माण भएको कोठाको इन्जिनियरबाट नाप जाँच गरी अन्तिम बिल प्राप्त भए पश्चात भुक्तानी गरियो।
- 

## ३. भगवान धन्वतरी मुर्ति निर्माण

## विनियोजित रकम ५,००,०००|-

### पृष्ठभूमि/विवरण

- ब्रम्हाले प्रतिपादन गरेको आयुर्वेद ज्ञानलाई भगवान धन्वन्तरिले पृथ्वीमा ल्याई सबेको स्वास्थ्य लाभमा प्रयोग गरेको भन्ने आयुर्वेदका ग्रन्थहरुमा उल्लेख गरेको पाइन्छ ।कार्त्तिक कृष्ण त्रयोदशमीका दिन भगवान धन्तवन्तरिले स्वार्गबाट आयुर्वेद ज्ञानलाई पृथ्वीमा ल्याएको दिन भएकोले उक्त दिनलाई नेपाल सरकारले राष्ट्रिय आरोग्य दिवस तथा धन्वन्तरि जयन्तीको रुपमा मनाउदै आएको छ ।स्वास्थ्य संस्थाहरुमा विरामीहरुको स्वास्थ्य लाभकव कामनाका लागि विभिन्न देवी देवताको मूर्ति स्थापना गर्ने चलन रहे अनुसार आयुर्वेद संस्थाहरुमा भगवान धन्वन्तरीको मूर्ति स्थापनाकम लागि यो कार्यक्रम राखिएको हो।

### उद्देश्य

- राष्ट्रिय आरोग्य दिवस तथा धन्वन्तरि जयन्ती कार्यक्रम गर्न।

### कार्यक्रम सञ्चालन

- सार्वजनिक खरिद ऐन २०६३ तथा खरिद नियमावली २०६४ (संशोधन सहित) तथा गण्डकी प्रदेश कार्य संचालन निर्देशिका खर्चको मापदण्ड २०७५ (गण्डकी प्रदेश) अनुसार मूर्तिसहितको चौतारीको लागत अनुमान बनाई स्वीकृति पश्चात निर्माण कार्य गराइयो ।निर्माण भएको मूर्तिसहितको चौतारी इन्जिनियरबाट नाप जाँच गरी अन्तिम बिल प्राप्त भए पश्चात भुक्तानी गरियो ।



## ४. कार्यालयको लागि आवश्यक मेशिनरी औजार खरिद
## विनियोजित रकम ३,००,०००|-

### पृष्ठभूमि/विवरण

- आयुर्वेद स्वास्थ्य संस्थाहरुमा कार्यालयको दैनिक क्रियाकलाप सञ्चालनका लागि आवश्यक पर्ने CCTV, विद्युतीय हाजिरी लगायतका सामाग्री एवं सरसफाइसँग सम्बन्धीत अटोक्लेभ, वासिङ मेसिन, भ्याकुम क्लिनर जस्ता सामाग्री खरिद गर्न यो कार्यक्रम राखिएको छ ।

### उद्देश्य

- कार्यालयको दैनिक प्रशासनिक कामकाजलाई चुस्त र दुरुस्त बनाउन ।

कार्यक्रम सञ्चालन

- सार्वजनिक खरिद ऐन २०६३ तथा खरिद नियमावली २०६४ (संशोधन सहित) तथा गण्डकी प्रदेश कार्य संचालन निर्देशिका खर्चको मापदण्ड २०७५ (गण्डकी प्रदेश) अनुसार लागत अनुमान बनाई स्वीकृति पश्चात कार्य अगाडि बढाइ आवश्यक सामाग्रीहरुको सुची, स्पेसिफिकेसन र परिमाण तयार गरि कार्यालय प्रमुखबाट स्वीकृत गरी आवश्यक प्रिन्टर, प्रोजेक्टर, प्रोजेक्टर स्क्रीन, ल्यापटप स्टयाण्ड, CCTV सेट र विद्युतीय हाजिरी मेसिन खरिद गरियो ।खरिद गरिएका सामाग्रीहरु रुजु गरि दाखिला पश्चात भुक्तानी गरियो ।

## ५. कार्यालयको लागि आवश्यक फर्निचर तथा फिक्चर्स खरिद

## विनियोजित रकम ४,००,०००|-

पृष्ठभूमि/विवरण

- जिल्ला स्थित आयुर्वेद स्वास्थ्य सस्थाहरुमा कार्यालयको दैनिक क्रियाकलाप संचालन लागि आवश्यक पर्ने टेबुल, कुर्सी, दराज, सोफा, फ्यान, कार्पेट, लगायतका फर्निचर सामाग्री खरिद गर्न यो कार्यक्रम राखिएको छ ।

उद्देश्य

- कार्यालयको दैनिक प्रशासनिक कामकाजलाई चुस्त र दुरुस्त बनाउन ।

कार्यक्रम सञ्चालन

- सावजनिक खरिद ऐन २०६३ तथा खरिद नियमावली २०६४ (संशोधन सहित) तथा गण्डकी प्रदेश कार्य संचालन निर्देशिका खर्चको मापदण्ड २०७५ (गण्डकी प्रदेश) अनुसार लागत अनुमान बनाई स्वीकृति पश्चात कार्य अगाडि बढाइ आवश्यक सामाग्रीहरुको सुची, स्पेसिफिकेसन र परिमाण तयार गरि कार्यालय प्रमुखबाट स्वीकृत गरी आवश्यक सोफा, कार्पेट, लो बेड, खरिद गरियो ।खरिद गरिएका सामाग्रीहरु रुजु गरि दाखिला पश्चात भुक्तानी गरियो ।

## ६. कार्यालयको भवनको मर्मत तथा संभार

## विनियोजित रकम ५,००,०००|-

पृष्ठभूमि/विवरण

- सरकारी स्वामित्वमा रहेको भवनको उचित रेखदेख ट्रस निर्माण रंगरोगज र धारा पानीका साथे विद्युत मर्मत जस्ता कार्यहरु गरी सरकारी सम्पतिको संरक्षण र चुस्त दुरुस्त राख्नु पर्ने हुन्छ।यसरी समयमानै यस्ता भौतिक संरचनाहरुको संरक्षण गर्न नसकेमा थप क्षति हुने सम्भावना रहिरहने भएकोले यसको संरक्षणको लागि मर्मत संभार जरुरी हुन्छ ।

### उद्देश्य

- सरकारी स्वामित्वमा रहेको भवनको मर्मत सम्भार गर्न।

### कार्यक्रम सञ्चालन

- इन्जिनियरको कार्य व्यस्तताले गर्दा यो कार्य गर्न सकिएन।

## ७. कार्यालयको कम्पाउण्ड वाल मर्मत तथा संभार
## विनियोजित रकम ५,००,०००|-

### पृष्ठभूमि/विवरण

- सरकारी स्वामित्वमा रहेका भवनको उचित रेखदेख गरी सरकारी सम्पतिको संरक्षण गर्न र चुस्त दुरुस्त राखु पर्ने हुन्छ। यसरी समयमा नै यस्ता भौतिक संरचनाहरुको संरक्षण गर्न नसकेमा थप क्षति हुने सम्भावना रहिरहने भएकोले यसको संरक्षणको लागि बनाइएका कम्पाउण्ड वालको आवश्यकता अनुसार समय समयमा मर्मत संभार जरुरी हुन्छ।

### उद्देश्य

- सरकारी स्वामित्वमा रहेका भवनको मर्मत संभार गरी सुरक्षित राख्न ।

### कार्यक्रम सञ्चालन

- सावजनिक खरिद ऐन २०६३ तथा खरिद नियमावली २०६४ (संशोधन सहित) तथा गण्डकी प्रदेश कार्य संचालन निर्देशिका खर्चको मापदण्ड २०७५ (गण्डकी प्रदेश) अनुसार लागत अनुमान बनाई स्वीकृति पश्चात आवश्यक मर्मत संभार र रंगरोगन गरियो ।मर्मत भएको कम्पाउण्ड वालको इन्जिनियरबाट नाप जाँच गरी अन्तिम बिल प्राप्त भए पश्चात भुक्तानी गरियो।



## ९. वार्षिक लक्ष्य अनुसार सम्पादन हुन नसकेका कार्यक्रमहरु

### क. कार्यालयलाई प्रदेशबाट प्राप्त सम्पादन हुन नसकेका कार्यक्रमहरुको विवरण

| क्र. सं. | कार्यक्रम शीर्षक | सम्पादन हुन नसकेका कार्यक्रमहरुको विवरण | गरिएका प्रयासहरु | सम्पादन हुन नसक्नुको कारण | कैफियत |
|---|---|---|---|---|---|
